जिरी नगरपालिका

# स्थानीय राजपत्र

**जिरी नगर कार्यपालिकाबाट प्रकाशित**

खण्डः ७ संख्या २  २०८० साल असार १६ गते

## भाग - १

## जिरी नगरपालिका

## विनियोजन ऐन-२०८०

**जिरी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, दोलखा**

विनियोजन ऐन, २०८०

जिरी नगरपालिका, दोलखाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना** : जिरी नगरपालिका, दोलखाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जिरी नगरपालिकाको बाह्रौ नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “जिरी नगरपालिका, दोलखाको विनियोजन ऐन, २०८०” रहेको छ।

(२) यो ऐन सम्वत २०८० श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५३,०३,२३,२७१.६६ (त्रिपन्न करोड

तीन लाख तेइस हजार दुई सय एकहत्तर पैसा छैसट्ठी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३ . विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त जिरी नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसुची १**

**(दफा २ सँग सम्बन्धित)**

**आर्थिक वर्ष २०८०/०८१**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संचितकोषबाट विनियोजन हुने रकम**

| क्र.स | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगरकार्यपालिका | ३५,२१,५३,५०० | १२,७०,२०,७७१.६६ | **८०,००,०००** | ४८,७१,७४,२७१.६६ |
| २ | | वडागत | २०,७०,००० | ४,१०,७९,००० | | ४३,१४,९००० |
| **जम्मा** | | | ३५,४२,२३,५०० | **१६,८०,९९,७७१.६६** | **८०,००,०००** | **५३,०३,२३,२७१.६६** |

नियमानुसार थप कार्यक्रम र अख्तियारी प्राप्त भएमा सोहि बमोजिम हुनेछ।